# कृषि विकास मन्त्रालयको एक वर्षको उपलब्धी विवरण

नेपाली अर्थतन्त्रको मूल आधार र बहुसंख्यक जनताको जीविकोपार्जनको प्रमुख श्रोतको रुपमा रहँदै आएको नेपालको कृषि क्षेत्र समग्र अर्थ व्यवस्थालाई नै समृद्ध र दिगो तुल्याउन मद्दत पुऱ्याउने प्रमुख खम्वाको रुपमा रहदै आएको छ। कृषि क्षेत्रको विकासले नै बहुसंख्यक जनताको आयआर्जनमा बृद्धि ल्याउन सक्दछ र आयआर्जनमा बृद्धि हुँदा मात्र समग्र अर्थ व्यवस्थाको बृद्धिदर फराकिलो र दिगो हुन सक्दछ। त्यसैले देशको आर्थिक बृद्धिदर फराकिलो र दिगो बनाउदै सन् २०२२ सम्ममा देशलाई अति कम विकसित राष्ट्रबाट विकासशिल राष्ट्रमा रुपान्तरण गर्ने राष्ट्रिय लक्ष हासिल गर्न नेपालको कृषि क्षेत्रको विकास मार्फत् समग्र किसानहरुको बृहत्तर विकास गर्न वर्तमान सरकारले प्राथमिकताका साथ कृषिमा लगानीको बृद्धि गरेको छ। साथै सरकारले एक वर्षको अवधिमा कृषि क्षेत्रमा गरेको लगानी र क्रियाकलापबाट श्रृजना भएका उपलब्धीहरु निम्नानुसार प्रस्तुत गरिएको छः

१. कृषि यान्त्रिकरण मार्फत कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्दै किसानको लागत न्युनीकरण गरी आम्दानीमा बृद्धि गर्न "कृषि यान्त्रिकरण प्रबर्द्धन नीति, २०७१" जारी गरेको छ। कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र सदुपयोगलाई थप व्यावहारिक र वैज्ञानिक वनाउन सरकारले "कृषि जैविक विविधता नीति, २०६३" लाई संशोधन गरी समयानुकुल बनाइएको छ।

२. माछाजन्य बस्तुमा आयात प्रतिस्थापन गर्दै देशलाई आत्म निर्भर बनाउन "मत्स्य नीति", महको निर्यात प्रवर्द्धन गर्नका लागि "मौरीपालन नीति" र नागरिकहरुको स्वस्थतालाई सुनिश्चित गर्न "Bio-Security Policy" को तर्जुमा अन्तिम चरणमा पुऱ्याईएको छ।

३. कृषि व्यवसायलाई थप व्यावसायिक, रोजगारमुखी, श्रृजनात्मक र प्रतिस्पर्धी बनाउदै औद्योगिकिकरण तर्फ उन्मुख गराउनका लागि २० वर्षे "कृषि विकास रणनीति" तर्जुमा भई स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश भएको छ।

४. साना, मझौला र ठूला तथा व्यवसायिक कृषकहरुको वर्गीकरण र मापदण्ड बनाई कृषकहरुलाई सेवा सुविधा उपलब्ध गराउनको लागि कृषक कार्डको व्यवस्था गर्न किसान परिचयपत्र (वितरण तथा प्रयोग) निर्देशिका, २०७१ र किसान परिचयपत्र वितरणका लागि कृषक वर्गिकरण मापदण्ड, २०७१ नेपाल सरकार (मन्त्रीस्तर) बाट स्विकृत भई कार्यान्वयन सुरु गरिएको छ।

५. प्रभावकारी अनुगगमन तथा मूल्याकन मार्फत विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्दै गुणस्तरीय प्रतिफल सुनिश्चित गर्नका लागि "अनुगमन तथा मुल्याङ्कन कार्यनीति" कृषि विकास मन्त्रालय (मा. मन्त्रिस्तर) बाट स्विकृत भई कार्यान्वयनमा आएको छ।

६. कृषि विकासका कार्यक्रमहरुलाई थप व्यावहारिक, प्रभावकारी र कृषकमैत्री बनाउनका लागि यस अवधिमा ३९ वटा थप निर्देशिका/कार्यविधिहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

७. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न २,७६,०७२ मे.ट. रासायनिक मल, १०५६ मे.ट. प्राङ्गारिक मल तथा धानको उन्नत बीउ १७८१ मे.ट. र गहुँको उन्नत विउ ५४५२ मे.ट. कृषकस्तरमा अनुदानमा वितरण गरिएको छ । साथै रासायनिक मल, प्राङ्गारिक मल एवम् उन्नत बीउ जस्ता प्रमुख उत्पादन सामग्रीहरुको अनुदानमा बिक्री वितरण सहज एवम् सुलभ रुपमा सम्पन्न भएको छ।

८. पलायन भईरहेको युवा जनशक्तिलाई देशमै रोजगारी श्रृजना गर्न तथा विभिन्न कृषि तथा पशुजन्य वस्तुहरुको आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्न युवा लक्षित तरकारी, पशु वस्तु, माछाजन्य बस्तु, च्याउ, मौरी र गैर काष्ठ वन पैदावरहरुको उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रमहरुलाई प्रथमिकताका साथ कार्यान्वयनमा ल्याइएको छ ।यस कार्यका लागि करिव ९००० युवाहरुलाई अनुदान उपलब्ध गराइएको छ।

९. कृषि व्यावसायलाई सुरक्षित व्यावसायका रुपमा विकास गर्न पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशत सम्म अनुदान दिने व्यवस्था मिलाइएको छ। उक्त व्यवस्था वमोजिम कुल रु ८४ करोड ५९ लाख १३ हजार २२६।- विमाङ्क रकमको रु ३ करोड ६९ लाख ७८ हजार १८४।- बरावरको बिमाको प्रिमियम भुक्तानी उपलब्ध गराइएको छ।

१०.	कृषि अनुसन्धानलाई उत्पादन र उत्पादकत्व वृद्धितर्फ लक्षित गर्न विभिन्न बालीका ९ वटा जातहरु उन्मोचन, ५ वटा जातहरु पंजीकरण, २ वटा जातहरुलाई जात अनुमोदन, उन्मोचन तथा दर्ता उपसमितिबाट सिफारिश गरिएको र १२ वटा जातहरु प्राविधिक उपसमितिमा पेश भएको छ।

११.	ग्रामिण कृषकहरुवाट १ करोड ९९ लाख ७२ हजार ५७१ लिटर कच्चा दूध संकलन गरि, रु. ७३ करोड ९० लाख २७ हजार दुग्ध उत्पादक किसानहरुलाई भुक्तानी तथा स्थानिय बजारमा प्रशोधित दूध २ करोड ५ लाख ७१ लाख ६२८ लिटर र शहरी क्षेत्रहरुमा बिक्री वितरण गरिएको छ।

१२.	उत्पादन लागत कम गरी मुनाफा बृद्धि गर्न किसानहरुका लागि अनुदानमा पावर टिलर ४२४ थान, मिनी टिलर २१७ थान र त्यसका संलग्न औजारहरु ३२९ थान वितरण गरिएको छ।

१३.	एक गाँउ एक उत्पादन (OVOP) कार्यक्रम अन्तर्गत थप १० जिल्लाहरु छनोट गरिएको छ। यस अनर्तर्गत पाँचथरमा अकवरे खुर्सानी, उदयपुरमा बाख्रापालन, काभ्रेमा कृषि पर्यटन, तेह्रथुममा बाख्रापालन, सिन्धुपाल्चोकमा अर्गानिक कफी, बाँकेमा मुसुरो दाल, दाङ्गमा बाख्रापालन, बाजुरामा जैतुन तेल, भोजपुरमा सुन्तला र रुपन्देहीमा डेरी प्रवर्द्धन कार्यक्रम संचालन गर्न वजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिएको छ।

१४.	साना सिंचाई स्किम (नयाँ निर्माण १६८ वटा र पुरानो मर्मतमा ५८ वटा) सम्पन्न भई थप १३१६ हे. क्षेत्रफल सिंचित भएको छ। ३७३ वटा प्लाष्टिक पोखरी निर्माण सम्पन्न भई थप ११२ हेक्टरमा सिंचाई सुविधा पुगेको छ। सहकारी खेती स्किम सञ्चालन तर्फ १४७ वटा बाली सम्बन्धी सहकारी खेती स्किम सञ्चालन मार्फत ३१५ हे. मा सहकारी खेती संचालन भएको छ। सहकारी खेती स्किममा बंगुर पालनको लागि १७५० बंगुरको पाठापाठी, कुखुरापालनको लागि १८००० कुखुराको चल्ला र बंगुर तथा कुखुराको ५३ वटा खोर निर्माण कार्य अनुदानमा भएको छ।

१५.	कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न उन्नत जातका फलफुल विरुवा ५ लाख ९२ हजार ९२ गोटा, तरकारी विरुवा २६लाख २२ हजार गोटा, फुलको विरुवा ६१ हजार ६२० गोटा, माछा

भुरा १९ करोड ५२ लाख १८ हजार ९०० गोटा अनुदानमा वितरण भएको छ। थप ३५९ हे. क्षेत्रफलमा व्यावसायिक माछापालन विस्तार भएको छ।

१६. रेविज खोप ५२ हजार ७५१ डोज, अन्य खोप ३४ हजार ७४१ डोज उत्पादन भई अनुदानमा वितरण भएको छ। जमेको बीर्य (Frozen Semen) ६ लाख ५१ हजार ८०० डोज, तरल नाइट्रोजन (Liquid Nitrogen) १ लाख ९० हजार २३३ लिटर र ७५ हजार ५८ गोटा वितरण भएको छ। ४ लाख ४५ हजार २५४ गोटा पशुवस्तुमा कृत्रिम गर्भाधान सम्पन्न गरिएको छ।

१७. पोषणयुक्त दूध उत्पादनका लागि अमेरिकाबाट साननका जातका ५० गोटा बाख्रा तथा मासु उत्पादनमा बृद्धि गर्न अष्ट्रेलियाबाट बोयर (Boer Goat) जातका ५० गोटा बाख्रा आयात गरी उत्पादन विस्तार सुरु गरिएको छ।